वार्षिक साधारण सभा
१०औं
२०७९ पौष ११ गते

# वार्षिक
# प्रगति प्रतिवेदन
# २०७८/०७९

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
स्था : २०६९
बिर्तामोड न.पा.-५, झापा







# आबद्ध
## बचत तथा ऋण सहकारी संस्था लि.
## AABADDHA SAVING & CERDIT CO-OPERATIVE LTD.


बिर्तामोड-५, जात्रुबाडी, झापा
सेवाकेन्द्र अर्जुनधारा-९, गोलधाप, झापा
०२३-५४५३९५

# सल्लाहकार समिति


श्री अच्युत दाहाल
संयोजक


श्री निर्मल भट्टराई
सदस्य


श्री वेदान्त ठकुरी
सदस्य


श्री दशरथ पराजुली
सदस्य


श्री दशरथ हुमागाई (देवेन्द्र)
सदस्य


श्री नारायणप्रसाद चिमरिया
सदस्य


श्री राजेन्द्र मैनाली
सदस्य

# संचालक समितिको नामावली


श्री नन्दमान भट्टराई (नरेस)
अध्यक्ष
९८५२६७३९४९
९८०१४०९९८८


श्री राजन वाग्ले
उपाध्यक्ष
९८५२६७४३४७


श्री खगेन्द्र कुवँर (क)
सचिव
९८५२६७७८०४


श्री शान्ता विष्ट
कोषाध्यक्ष
९८१७०१८३३३


श्री हृदयकुमारी संग्रौला
सदस्य
९८०४९१५५३३


श्री चिरञ्जिवी सिग्देल
सदस्य
९८४२७५०६५३


श्री रुपमाया राई (दाहाल)
सदस्य
९८४२६४०६८२


श्री टेकबहादुर तामाङ्ग
सदस्य
९८४२६३३३२७


श्री नरेन्द्र न्यौपाने खत्री
सदस्य
९८४२६७०३४०


श्री गौरीप्रसाद भण्डारी
सदस्य
९८५२६७७०७१


श्री खड्गबहादुर विष्ट
सदस्य
९८५२६२४७३८

## लेखा समिति


श्री सिर्जना खतिवडा
संयोजक


श्री सहनलाल राजवंशी
सदस्य


श्री गोपाल चौहान
सदस्य

## सेवा केन्द्र संचालक समिति


गौरीप्रसाद भण्डारी
संयोजक
९८५२६७७०७१


सन्तोष चिमरीया
सदस्य
९८४२७७४४२४


खेम दाहाल
सदस्य
९८०१४५८२६२


दिपक बुढाथोकी
सदस्य
९८१६०१३५२६


देवेन्द्र मैनाली
सदस्य
९८०७९८०२८८

## सेवा केन्द्र सल्लाहकार समिति


नरेन्द्र राई
संयोजक


यामबहादुर इङनाम
सदस्य


खेम राज खरेल
सदस्य

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
☎ 023-545395 ✉ aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

# AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

प.सं. २०७९/०८०
च.नं. ९८

मितिः २०७९/०८/२५

श्री.................................................................................ज्यू,
शेयर सदस्य, आबद्ध बचत तथाऋण सहकारि संस्था लि. विर्तामोड-५, झापा

**विषयः- १० औं वार्षिक साधारण सभामा उपस्थित भईदिने बारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७९/०८/२५ गते आईतबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको दशौंवार्षिक साधारण सभा तपशिलका विषयमा छलफल तथा निर्णयकालागि सहकारी विभागको सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धी जारी निर्देशिका बमोजिम यो साधारण सभा सम्पन्न गर्नुपर्ने भएको हुँदा तपशिलको समय र स्थानमा साधारणसभा सगैं बनभोज कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति : २०७९/०९/११ गते सोमबार
समय : विहान८ः०० बजे
स्थानः जामुनखाडी, सिमसार तथा पर्यटकिय क्षेत्र, जामुनखाडीको सभाहल
पुनश्चः साधारण सभा स्थल सम्मको लागिगाडी को व्यवस्था भएकोले पुष ११ गतेविहान ७ बजे सम्ममा ९८०१४४६४८५ र ९८०१४०९९९७ मा सम्पर्क गर्नुहोला ।

**साधारण सभामा छलफलहुने विषयहरू :**

१ सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/०७९को वार्षिक प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
२ आ.व. २०७८/०७९को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्नेसम्बन्धमा ।
३ आ.व. २०७८/०७९ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
४ संस्थाको आगामीआ.व. २०७९/०८० को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी अनुमोदन/पारित गर्ने सम्बन्धमा।
५ आ.व.२०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६ निर्णय पुस्तिकामा हस्ताक्षर गरि निर्णय गर्नको लागि सञ्चालक समिति र शेयर सदस्यहरूको प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७ कर्मचारी सेवा विनियमावली तथा सदस्य राहत कोष संशोधन सम्बन्धमा ।
८ शेयर सदस्यज्युहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा।
९ विविध।

नोट : संस्थाले सदस्यका सन्ततिहरू मध्ये SEE मा उत्कृष्ट अंकल्याई उतिर्ण हुने संस्थागत र सामूदायिक विद्यालयबाट एकएकछात्र र एकएकछात्रा गरी ४ जनालाई सम्मान गर्ने भएको हुँदा तपाईका नानीहरू पनि त्यसका लागि दावेदार भएमा लब्धाङ्क पत्र, निवेदन र एक प्रतिफोटो सहितमिति २०७९।०९।०७ गते सम्ममा संस्थाको कार्यलयमा बुझाउनुहुन अनुरोध छ ।

अध्यक्ष
नन्दमान भट्टराई (नरेश)

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

## १० औं वार्षिक साधारण सभा २०७९ साल पुष ११ गते सोमबार

### कार्यक्रम सूची
### साधारण सभा उद्घाटन समारोह

१) उद्‌घोषण
२) आसन ग्रहण :
  क) सभापति
  ख) प्रमुख अतिथि :
  ग) विशिष्ट अतिथिहरू
  घ) अतिथिहरू
  ङ) पत्रकारहरू
  च) सञ्चालक समितिका पदाधिकारीहरू
३) राष्ट्रिय गान र मौनधारण
४) प्रमुख अतिथिबाट व्यानर वाचन गरेर सभाको समुद्‌घाटन
५) स्वागतकार्यक्रम तथा कार्यक्रममाथि प्रकाश पार्ने
६) सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत
७) लेखा समितिको तर्फबाट आ.व.२०७८/०७९ को लेखा प्रतिवेदन प्रस्तुत
८) शुभकामना मन्तव्य
९) पुरस्कार तथा सम्मान (उत्कृष्ट व्यक्तिहरूलाई)
१०) शुभकामना मन्तव्य
  १. २. ३. ४.
११) प्रमुख अतिथिको मन्तव्य
१२) सभापतिबाट उद्‌घाटन समारोहको विसर्जन
१३) चियापान
१४) अतिथिहरूको विदाइ

**बन्दसत्र**

१) आसन ग्रहण र गणपूरक सङ्ख्याको घोषणा
३) अध्यक्षद्वारा भावी कार्य योजना बजेट प्रस्तुत
४) माइन्युट लेखन प्रतिनिधिहरूको चयन
४) प्रस्तुत भएका सम्पूर्ण प्रतिवेदनमाथि शेयर सदस्यहरूको धारणा तथा प्रस्तावहरूलाई प्रस्तुत र निर्णय
५) पारित निर्णयहरूलाई सार्वजनिक गर्दै सभाध्यक्षबाट सभा विसर्जन ।

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

## १० औं वार्षिक साधारण सभा २०७९ साल पुस ११ गते सोमबार
## सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७९

यस दशौं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न संस्थाबाट पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, यस संस्थाका सञ्चालक तथा लेखा समितिका संयोजक तथा सदस्य ज्यूहरू, शेयर सदस्यज्यूहरू, ऋण तथा लेखा उप-समितिका संयोजक ज्यूहरू तथा सदस्यज्यूहरू, सल्लाहाकारज्यूहरू, टोल समितिका पदाधिकारीज्यूहरू, कर्मचारी साथीहरू एवम् पत्रकार मित्रहरूमा मेरो व्यक्तिगत र सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

आदरणीय महानुभावहरू,

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. २०६९ साल साउन२ गते सहकारी ऐन, २०४८ अन्तर्गत विधिवत दर्ता भई, सहकारीका मूल्य तथा सिद्धान्त अनुरूप क्रियाशिल रही आफ्ना सदस्यहरूलाई छिटो सरल र सुविधाजनक सेवा पुऱ्याउँदै आज हामी दशौं सम्मानित वार्षिक साधारण सभा पूरा गर्न गईरहेका छौं । यस वर्षलाई स्थायित्व, योजना विकास एवम् नीति निर्माण तथा गुणस्तर बृद्धिको चरण को रूपमा संस्थाले कार्य गर्ने कुराको जानकारी गराउँदछु ।

सहकारी संस्थाका प्रत्येक शेयर धनीहरूले सहकारी सम्बन्धी अधिकतम जानकारी राख्नु पर्छ । तर देखासिकी गरेको सहकारी संस्थाहरू थुप्रै खोलिएका छन् । सहकारी खोलियो, केही व्यक्तिहरूको जिम्मा लगायो र छाड्यो । सहकारी के हो? कसका लागि हो? किन खोलिएको हो? भन्ने विषय समेत शेयर धनीलाई थाहा हुँदैन, जबसम्म शेयर धनीलाई सहकारी मेरो हो, म सहकारीको मालिक हुँदा मैले सहकारीको बारेमा धेरै भन्दा धेरै बुझ्नुपर्छ भन्ने भावना/चेतनाको विकास हुँदैन तबसम्म सहकारी संस्थाहरू सफल हुन सक्दैनन् । संस्था संचालन सम्बन्धी कतिपय कमजोरीहरू जस्तै कुशल व्यवस्थापन नहुनु, सही नेतृत्वको अभाव, दक्ष कर्मचारीको अभाव र सञ्चालकहरूको बदनियत पूर्ण मनसायको कारण कतिपय सहकारी संस्थाहरू संचालन भएका केही बर्षमै असफल भई बन्द हुने अवस्था सम्म आइसकेका छन् । अहिलेको तरलता अभाव, वित्तीय संकटको समयमा अन्य थुप्रै सहकारीहरूले दिनानुदिन बचत फिर्ता गर्न नसकेको, दैनिक कारोबार गर्न नसक्ने भई बन्द रहेको तथा सहकारीका सञ्चालक तथा कर्मचारीको बदनियतका कारण सहकारी माथि नै प्रश्न चिन्ह खडा रहने अवस्था रहेको समयमा पनि यस संस्थाले कुनै दिन सदस्यलाई बचत फिर्ताको लागि रोक्नु परेको छैन, अहिलेको यस्तो समयमा पनि विगतमा राम्रो कारोबार गर्ने सदस्यहरूलाई सुरक्षणको मूल्याङ्कन गरी कर्जा लगानी गरिरहेको यस सम्मानित सभामा सुनाउन पाउँदा हर्षित छु ।

यसरी आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विगत ९ वर्षको अनुभवमा आजको दिनसम्म नियाल्दा थुप्रै सहकारीहरूको भिडमा यस संस्थाले यसरी सबल तरिकाले कारोबार गरिरहनुमा शुभ चिन्तक शेयर सदस्यहरूको साथ, विश्वास र भरोसा महत्वपूर्ण रहेकोले हामी निरन्तर अगाडि बढिरहेका छौं । सहकारीका मूल्य, मान्यता, सिद्धान्तमा रहेर संस्थाका आफ्नो सदस्यहरूको हित अनुकूल बचत तथा ऋणलाई सही उपयोग/विकासमा अगाडि पार्नु नै हाम्रो लक्ष्य हुन गएको छ । संस्थाले छोटो समयमा नै आफ्ना सदस्यहरूलाई संस्था प्रतिको अपनत्व बृद्धि गर्दै अझ शेयर सदस्यहरूको विश्वासलाई फराकिलो बनाउन, सदस्यहरूको भविस्यको सहारा बनाउन र सदस्यहरूको दुःखःसुखमा उपस्थित हुन र संस्थालाई कुशल तरिकाले सञ्चालन गर्नका लागि आवश्यक पर्ने नीति नियम, कार्यविधिहरू बनाई नवीनतम सोचका साथ अगाडि बढि राखेका छौँ ।

उपस्थित महानुभावहरू, अब म यस आर्थिक वर्ष २०७८/०७९ को संस्थाको वित्तीय कार्य प्रगति विवरण यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | गत बर्ष | यस बर्ष | बृद्धि | बृद्धि □ |
|---|---|---|---|---|---|
| १ | शेयर सदस्य | १७४४ | २०९४ | ३५० | २० |
| २ | शेयर रकम | २,३७,४१,५०० | २,५४,७०,४०० | १७,२८,९०० | ७ |
| ३ | जगेडा कोष | ५८,६८,२३२ | १,०५,८१,३७७ | ४७,१३,१४५ | ८०।३१ |
| ४ | योगदानमा आधारित अन्य कोषहरू | ९०,४७,३८० | १,३९,९६,३१० | ४९,४८,९३० | ५४।७० |
| ५ | कुल कोष | २,३५,०३,३३८ | ३,३०,७१,२७० | ९५,६७,९३२ | ४०।७१ |
| ६ | बचतमा रहेको रकम | ८,२६,७२,४५५ | १०,४९,८९,८१५ | २,२३,१७,३६० | २७ |
| ७ | ऋण लगानी | १९,०१,६१,८५७ | २०,६८,७१,३५९ | १,६७,०९,५०२ | ९ |
| ८ | खुद नाफा (कर पछिको) | १,२२,२४,५३३ | ९८,४९,५३१ | (२३,७५,००२) | (१९) |

**१) शेयर सदस्य विस्तार** :

गत वर्षसम्मकुल सदस्य संख्या १७४४ रहेकोमा यस आ.बमा ३५० सदस्य बृद्धि भई यस वर्ष सम्ममा महिला ८९९, पुरूष ११९५ संस्थागत सदस्य ० वटा गरी जम्मा २०९४ सदस्य विस्तार गरेको छ ।

**२) शेयर पुंजी**:

सहकारी संस्थाको मेरूदण्ड नै शेयर पुँजी हो । शेयर तथा बचत परिचालन गरेर संस्थाले आफ्ना व्यावसायिक क्रियाकलाप सञ्चालन गरेको हुन्छ । २०६९ सालमा प्रति सदस्य रू. ३०,०००।- का दरले ५८ सदस्यको रू. १७,४०,०००/- (सत्र लाख चालिस हजार) बाट शुरू भएकोमा गत वर्ष सम्ममा रू. २ करोड ३७ लाख ८१ हजार ५ सय भएकोमा यस वर्ष सम्म आइपुग्दा २ करोड ५४ लाख ७० हजार ४ सय रहेको छ ।

**३) निक्षेप संकलन तथा फिर्ता** :

आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा संस्थामा सदस्यहरूको जम्मा निक्षेप रू.८ करोड २६ लाख

७२ हजार ४ सय पचपन्न मात्र भएकोमा यस आर्थिक वर्षको भर कारावार भई रू. २ करोड २३ लाख १७ हजार ३ सय उनसाठी ले बचत बृद्धि भई असार मसान्त सम्ममा जम्मा रू. १० करोड ४९ लाख ८९ हजार ८ सय पन्ध्र मात्र सदस्यहरूको निक्षेप संस्थामा भएको समेत निवेदन गर्दछु ।

**४) कर्जा लगानी**:

कर्जा लगानी जोखिमपूर्ण छ । विना धितो झन जोखिमपूर्ण हुने सबैलाई जानकारी नै छ । यस जोखिम अवस्थामा पनि आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा संस्थामा सदस्यहरूमा जम्मा ऋण लगानी रू. १९ करोड १ लाख ६१ हजार ८ सय सन्ताउन रूपैँया भएकोमा यस आ.व.मा कर्जा लगानी बढाई हाल रू. २० करोड ६८ लाख ७१ हजार ३ सय उनसाठी रूपैँया संस्थाले सदस्यहरूमा कर्जा लगानी गरेको छ । कर्जा जोखिम न्यूनीकरणका लागि कर्जा नीति समय सापेक्ष बनाई जोखिम हुन नदिन झन प्रभावकारी नियम अवलम्बन गरिने जानकारी पनि गराउन चाहन्छु ।

**५) सञ्चालन तथा मुनाफाको स्थिति**:

यस संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा रू. ३ करोड एकतिस लाख १२ हजार ७ सय छयासि रूपैया आम्दानी गरेको छ । जसबाट सञ्चालन तथा व्याज खर्च, ह्रासकट्टि खर्च लेखाई खराब कर्जा र अन्य दायित्व व्यवस्था गरी बचेको कर पछिको खुद सञ्चालन मुनाफा रू. ९८ लाख उनपचास हजार पाँच सय एकतिस रूपैया संचालन मुनाफा रहेको जानकारी पनि यस सम्मानित सभामा गराउन चाहन्छु ।

**६) मुनाफाको वितरण**:

संस्थाले आ.बमा २०७७/०७८ मुनाफा बाट १४ प्रतिशतका दरले शेयर सदस्यहरूलाई लाभांश (बोनस) वितरण गरेकोमा यस आ.ब २०७८/०७९ को खुद मुनाफाबाट १४ प्रतिशतका दरले शेयर सदस्यहरूलाई लाभांश (बोनस) वितरण हुने र संस्थाले अधिकतम प्रतिफल दिने नीतिलाई निरन्तरता दिने पनि यस सम्मानित सभामा गराउन चाहन्छु ।

**७) वेवसाईट निर्माण** :

संस्थाको सुचनाहरू प्रदान गर्न तथा गतिविधिहरू सदस्य एवम् सरोकारवाला माझ पुऱ्याउनका लागि www.aabaddha.com.np भएको वेवसाईट बनाई नियमित सञ्चालनमा आएको छ । संस्थाका आधिकारिक जानकारी तथा सुचनाहरू सँगै गतिविधिका लागि वेबसाईट हेर्न सकिनेछ ।

**८) टोल समितिहरू निर्माण** :

संस्थाका सदस्यहरू जति संस्थाका बारेमा जानकार हुन्छन् त्यति नै संस्था सबल सुरक्षित बन्न सक्छ भन्ने कुराको मनन गर्दै संस्थाले २५ देखि ३० वटा टोल समिति निर्माण गर्ने र टोल समिति मार्फत सदस्यहरूलाई सुसूचित गर्ने उद्देश्य राखी १३ वटा टोल समिति गठन गरिसकेको छ । यसरी कार्यक्षेत्रभित्र टोल समिति गठनले संस्थाको बारेमा, संस्थाको सेवा सुविधाको बारेमा सदस्यहरूलाई जानकारी प्रदान गर्ने साथै संस्थाप्रतिको भरोसा बढाउन महत्वपूर्ण भूमिका खेल्ने भएकोले गठन हुन बाँकी टोलहरूमा समेत यस आ.व.मा टोल समितिहरू गठन गर्ने कुराको जानकारी गराउदछु ।

**९) शववाहन सेवा**:

शेयर सदस्य तथा एकाघर परिवार का सदस्य साथै विपन्न गैरसदस्य समेतको

निधन हुँदा संस्थाले शव वाहन सेवा उपलब्ध गराउँदै आएको छ । यस कार्यक्रमलाई निरन्तरता दिनका लागि प्रस्ताव पेश गर्दछु ।

उपस्थित शेयर धनी महानुभावहरू,

सम्पूर्ण सदस्यहरूको संस्थाप्रतिको भरोसा, माया र सहयोगका कारणले गत वर्षको तुलनामा सवै कोष तथा सूचांकहरू उच्च बृद्धिदरका साथ वृद्धि भएका छन् ।यसरी संस्थाको वित्तीय विश्लेषण गर्दा संस्थाले उत्साहजनक उपलब्धि हासिल गरेको छ । जुन कुराको लेखा समिति प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदनले पनि पुष्टि गरेको छ । यसरी वित्तीय विवरण राम्रो हुँदै जानुमा सदस्यको मुख्य भुमिका रहन्छ, सदस्य ज्यूहरूको साथ, सहयोग, भरोसाका साथसाथै संस्थामा भएका उत्प्रेरित कर्मचारी, संस्थाको मजबुद वित्तीय संरचना, विज्ञहरूको उचित राय सल्लाह आदिका कारण संस्थालाई छुट्टै पहिचान सहितको अब्बल संस्था बनाउन हामी कटिबद्ध छौँ ।

संस्था संचालनमा सञ्चालक समिति को भुमिका अनिवार्य र अति महत्वपूर्ण हुन्छ । संस्थाका संचालनको लागि समयसमयमा विविध निणर्यहरू गर्नुपर्ने हुन्छ, कतिपय निर्णयहरू तत्काल गरिएन भने संस्था संचालनमा समस्या उत्पन्न हुन्छ तसर्थ हाम्रो सञ्चालक समितिको बैठक मासिक नियमित एउटा बैठक अनिवार्य बस्छ, भने आवस्यकता अनुसार आकस्मिक बैठक बसेर समेत समयमा नै निर्णय गरी दैनिक कार्य सञ्चालनमा सहजता प्रदान गरिरहेको छौँ । मासिक बैठक जतिपटक बसेपनि सञ्चालक समितिले पाउने बैठक भत्ता नियमित बैठक बापतको मासिक १००० बाट १५० कर काटि रू. ८५० मात्र रहेको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । साथै सेवा केन्द्र सञ्चालक समितिले भत्ता वापत रू. ५००।०० मा करकट्टी भई रू. ४२५।०० पाउँदै आएको पनि जानकारी गराउन चाहन्छु । आगामी बर्षमा सञ्चालक समिति तथा अन्य उपसमितिको समेत विवरण समेत यसरीनै राख्ने व्यहोरा जानकारी गराउँछु । मिति २०७८ मङ्सिर ११ गतेको नवौँ बार्षिक साधारण सभाबाट सञ्चालक समिति बने पश्चात गत असार मसान्त सम्ममा सञ्चालक समितिका नियमित बैठक ८ वटा बसिए भने आकस्मिक बैठक पनि ८ वटा नै गरी जम्मा १६ वटा बैठक बसेका छौँ जसमा सञ्चालक समितिको सक्रियता तपशिल बमोजिम रहेको छ ।

| क्र.सं. | नाम थर | पद | उपस्थित संख्या | क्र.सं. | नाम थर | पद | उपस्थित संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नन्दमान भट्टराई | अध्यक्ष | १६ | ७ | रूपमाया राई | सदस्य | १२ |
| २ | राजन वाग्ले | उपाध्यक्ष | ७ | ८ | टेकबहादुर तामाङ | सदस्य | ११ |
| ३ | खगेन्द्र कुवेर | सचिव | १० | ९ | नरेन्द्र न्यौपाने खत्री | सदस्य | ८ |
| ४ | शान्ता विष्ट | कोषाध्यक्ष | १६ | १० | गौरी प्रसाद भट्टराई | सदस्य | १५ |
| ५ | हृदयकुमारी संग्रौला | सदस्य | १५ | ११ | खड्ग बहादुर विष्ट | सदस्य | १४ |
| ६ | चिरञ्जीवी सिग्देल | सदस्य | १५ | | | | |

उल्लेखित उपस्थिती मध्ये नियमित वैठक वापतको करकट्टी पछिको भत्ता वापतको रकमबाट तपशिल बमोजिममा सञ्चालक समिति तथा सेवा केन्द्र सञ्चालक समितिहरू द्वारा सेवा भावकालागि भत्ता

कोष स्थापना गरी आफ्नो भत्ता वापतको रकम साधारण सभा तथा वर्ष भरमा विपन्न तथा आईपरेका समस्याहरूका लागि सामाजिक सेवामा सहयोग गर्ने उद्देश्य राखि कोष खडा गर्ने निर्णय भएको समेत जानकारी गराउन चाहन्छु ।

**सेवाभावका लागि भत्ता कोषमा आफ्नो भत्ता रकम जम्मा गर्ने पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | नन्दमान भट्टराई (नरेश) | सञ्चालक समिति अध्यक्ष |
| २ | गौरी प्रसाद भण्डारी | सञ्चालक समिति सदस्य (सेवाकेन्द्र संयोजक) |
| ३ | टेक बहादुर तामाङ(दीपक) | सञ्चालक समिति सदस्य |
| ४ | नरेन्द्र न्यौपाने खत्री | सञ्चालक समिति सदस्य |
| ५ | खड्ग बहादुर विष्ट | सञ्चालक समिति सदस्य |
| ६ | रूपमाया राई दाहाल | सञ्चालक समिति सदस्य |
| ७ | सन्तोष चिमरिया | सेवाकेन्द्र समिति सदस्य |
| ८ | खेम दाहाल | सेवाकेन्द्र समिति सदस्य |
| ९ | देवेन्द्र मैनाली | सेवाकेन्द्र समिति सदस्य |
| १० | दीपक बुढाथोकी | सेवाकेन्द्र समिति सदस्य |

यस संस्थाको दिगो विकास र प्रगतिको लागि जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ झापा तथा नेफ्स्कुन लगायतले समय-समयमा गरेको मार्ग-दर्शन तथा सुझाव प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि रचनात्मक सुझाव, सल्लाहहरूको अपेक्षा गर्दछु ।

अन्त्यमा यस संस्थाको निम्तो स्वीकार गरी आफ्नो व्यस्त समयलाई कटौती गरी उपस्थित भई दिनु भएका प्रमुख अतिथि, विशेष अतिथि र अतिथिज्यूहरू, यो दशौं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाईदिनु भएकोमा यहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । संस्थाको हरेक जिम्मेवारीलाई पुरा गर्न निरन्तर लागि रहनु हुने सञ्चालक समिति, विभिन्न उप-समिति, टोल समितिहरू र संस्थामा कार्यरत कर्मचारीहरूले दैनिक कार्यमा पुऱ्याएको योगदान तथा मेहनतप्रति धन्यवाद दिन चाहन्छु । साथै आजको कार्यक्रम सफल पार्न आ-आफ्नो जिम्मेवारी सहर्ष स्वीकारी पूरा गरी दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । आजको दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०७८/७९ को बार्षिक प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय सहकारी ।

मिति : २०७९/०९/११ गते सोमबार

स्थान : जामुनखाडी, झापा

नन्दमान भट्टराई (नरेश)
अध्यक्ष
आबद्धबचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-५, झापा

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

**AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.**

## १० औं वार्षिक साधारण सभा २०७९ साल पुष ११ गते सोमबार सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा वार्षिक कार्यक्रम, कार्य योजना र अनुमानित आम्दानी खर्च विवरण (बजेट)

आदरणीय शेयर सदस्य तथा उपस्थित महानुभावहरू,

आज सम्पन्न हुन गइरहेको यस संस्थाको दशौं वार्षिक साधारण सभामा पुनः यहाँहरू सबैलाई स्वागत गर्न पाउँदा खुसी लागेको छ । यस गरिमामय साधारणसभामा सबैको सकारात्मक सहयोग तथा आलोचना र सुझाव बाट हामी सबैलाई मार्ग दिर्नेशन हुनेछ, भन्ने कुरामा हामी विश्वस्त छौं ।

संस्थाले आ.व. २०७८/७९ का लागि तर्जुमा गरेको बजट बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा अघिल्लो बर्षको वास्तविक उपलब्धिका आधारमा आ.व. २०७९/८० को वार्षिक बजेट तर्जुमा गरिएको छ ।

बजेट तथा कार्यक्रमको उद्देश्य यस बजेट तथा कार्यक्रमको उद्देश्य संस्थाको बार्षिक कारोबार, आयव्यय, प्राप्ति भुक्तानी आदिको अनुमान गरी नाफा नोक्सानको लक्ष्य कायम गर्नु, सञ्चालक तथा व्यवस्थापनको निर्णय तथा कार्ययोजनालाई मार्गदर्शन गर्नु, हरेक समिति तथा कर्मचारीहरूलाई संस्थाको लक्ष्य प्राप्ति सम्बन्धी सामूहिक तथा व्यक्तिगत रूपमा जिम्मेवारी प्रदान गर्नु, समग्र संस्थाको आर्थिक सुचकाङ्कहरूको समीकरण मिल्ने गरी आर्थिक बृद्धिको लक्ष्य कायम गर्नु आदि रहेका छन् ।

### क) वार्षिक नीति तथा कार्यक्रम सम्बन्धी प्रस्तावहरू:

### १) सहकारी गतिविधिमा संलग्नता र सहकारी एकीकरण सम्बन्धमा :

सहकारी हितसम्बन्धी कुनैपनि योजना वा नीतिगत व्यवस्था भएका काम कार्वाहीमा सहकारी/सहकारीवीच आपसी सद्भाव कायम हुने र समय सापेक्ष सहकारीसँग सम्बन्धित कारोबारमा आवश्यक शेयर खरिद गरी सहकारी गतिविधिमा जानु पर्ने प्रस्ताव पेश गर्दछु । साथै सहकारी अभियानलाई उच्च स्तरमा राख्दै "एकका लागि सबै, सबैका लागि एक" नारालाई प्रत्याभूति गराउन सहकारी एकीकरण द्वारा यस संस्थाको तर्फबाट अन्य उपयुक्त सहकारी संस्थासँग एकीकरणको कार्यकोकाम कारबाहि बढाउनकालागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्दछु ।

### २) जीवन बीमा सम्बन्धमा :

ऋणी सदस्यहरूलाई विगत वर्ष देखि कर्जा रकम अनुसारको जीवन विमा विभिन्न कम्पनी मार्फत गरिदै आएकोमा आवश्यक प्रक्रिया पुर्‍याई संस्थालाई सहज र सदस्य हितलाई ध्यानमा राखी जुनसुकै

बीमा कम्पनी बाट पनि संस्थागत अभिकर्ता लिई यसलाई निरन्तरताका लागि प्रस्ताव पारित गरियोस् भनि प्रस्ताव पेश गर्दछु ।

**३) निष्क्रिय शेयर सदस्यहरू सम्बन्धमा** :

निस्कृय शेयर सदस्यहरूले सदस्यता मात्र ओगट्ने तर सहकारीको कुनैपनि कारोबार तथा क्रियाकलापमा सहभागी नहुने भएकोले त्यस्ता शेयर सदस्यहरूले संख्यात्मक वृद्धि देखाएपनि गुणस्तर प्रदान नगर्ने भएकोले त्यस्ता शेयर सदस्यहरू आगामी कार्यसमिति तथा उपसमितिमा उम्मेद्वार हुन अयोग्य हुने र संस्थाले प्रदान गर्ने सेवा सुविधा र कार्यक्रमहरूबाट बञ्चित गरिने भएकोले सदस्य ज्यूहरूलाई नियमित बचत कारोबार मार्फत सक्रिय सदस्य भई संस्थाले राखेको लक्ष्य हासिलमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । संस्थाले सदस्यको सङ्ख्यात्मक बृद्धिभन्दा पनि गुणात्मक बृद्धिको नीति लिएको छ तथापि यो आर्थिक वर्षमा सदस्य संख्या २०९४ बाट बृद्धि गरी २४०० पुऱ्याउने लक्ष्य लिईएको जानकारी गराउँदछु ।

**४) कार्यविधी तथा नीति सम्बन्धमा**:

संस्थाले विगत बर्ष देखि विभिन्न कार्यबिधि बनाई नीतिगत कार्यन्वयन भईरहेको जानकारी गराउँदै संस्थाका सदस्यहरूलाई राहत कोष कार्यबिधि २०७८ पुनः लेखन संशोधनका लागि लागि पेश गर्दछु । संसोधन हुने विषयबस्तुहरू

- उपचार कोष मार्फत दिने उपचार खर्च तथा सहभागिता शुल्क सम्बन्धमा ।
- सदस्य राहत कोषको सहभागिता शुल्क सम्बन्धमा ।

त्यस्तै कर्मचारी सेवा विनियमावली २०७६ लाई समयसापेक्ष संसोधनका लागि पेश गर्दछु । संसोधन हुने विषयबस्तुहरूः

- ग्रेड तथा महंगी भत्ता सम्बन्धमा
- कर्मचारी पदीय संरचना सम्बन्धमा
- कर्मचारी पद निर्धारण समिति तथा कर्मचारी सुपरिवेक्षण तथा अनुगमन समिति सम्बन्धमा
- कर्मचारीको नियुक्तिका प्रकार र प्रक्रियाको बारेमा

साथै यस बर्ष अन्य आवश्यक नीति तथा कार्यविधि निमार्ण गरी आगामी साधारण सभा बाट पास गरिने जानकारी गराउँछु ।

**५) निर्देशन कार्यान्वन सम्बन्धमा**:

प्रदेश सहकारी रजिष्ट्रर तथा सहकारी प्रशिक्षणको कार्यालय प्रदेश नं. १ ले मिति २०७९/०२/२२ गतेका दिन नियमित अनुगमन गरि धितो सुरक्षण लगानी नगरी ऋण प्रवाह नगर्न दिएको निर्देशन अनुसार आगामी दिनमा घरजग्गा बाहेकको व्यक्तिगत तथा आकस्मीक कर्जा लगानीमा कर्जा रकम बराबरको चेक संस्थाको नाममा काट्न लगाई समयभित्र कर्जा चुक्ता नभएमा चेकबाट असुल गर्ने गरी चेक धितो राख्ने व्यवस्था ऋण कार्यविधिमा राख्ने निर्णय गर्नका लागि साथै अन्य निर्देशन गरेका बुँदाहरू बारे निर्णय गर्न समेत सम्मानित सभामा प्रस्ताव पेश गर्दछु ।

**६) पुरस्कार तथा सम्मान**:

यस संस्थाले यस सहकारीमा कारोबार गर्ने सदस्यहरूलाई विभिन्न विधामा उत्कृष्ट व्यक्तित्वहरूलाई

क्रमैसँग बचतकर्ता, उत्कृष्ट कारोबार गर्ने सदस्य, गरिब तथा विपन्न सदस्य सहयोग, शिक्षा क्षेत्रमा शेयर सदस्यहरूको नानीहरूबाट संस्थागत र सामुदायिक विद्यालयबाट एस.ई.ई. मा उत्कृष्ट विद्यार्थी छात्र-२, छात्रा-२, बर्ष उत्कृष्ट कर्मचारी-२, स्थानिय पत्रकार मध्ये बाट १ जनाको पहिचान गरी सम्मान तथा पुरस्कृत गर्ने नीति लिई यसले निरन्तरता पाउने प्रतिबद्धता पनि जाहेर गर्दछु ।

**७) तालिम व्यवस्था/शिक्षा तथा स्वास्थ्य गोष्ठी सम्बन्धमा :**

संस्थाको हक र हितलाई ध्यानमा राखी आवस्यकता र औचित्यको आधारमा समय-समयमा सञ्चालकहरू कर्मचारीहरू तथा सदस्यहरूलाई तालिम/सहकारी शिक्षा कार्यक्रम, सहकारी भ्रमण अवलोकन तथा सदस्यहरूको बालबालिकालाई शिक्षा तथा स्वास्थ्य सम्बन्धित गोष्ठीको व्यवस्था गरी कार्यन्वयन गरिनेछ ।

**८) लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा :**

आगामी आ.व. २०७९/०८० का लागि लेखा परीक्षण गराउनका लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने कुराको निर्णय गर्नका लागि प्रस्ताव पेश गर्दछु ।

**९) विपन्न वर्गको बिमा कार्यक्रममा सहभागिता :**

सरकारले लिएको स्वास्थ्य बिमा कार्यक्रमबाट वञ्चित नहुन भन्ने उद्देश्यले संस्थाको कार्यक्षेत्र भित्रका विपन्न २५ परिवारको स्वास्थ्य बिमा वापतको ५० प्रतिशत रकम संस्थाले भुक्तानी गरि विपन्न परिवारको स्वास्थ्य विमा गराएर संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्न स्वास्थ्य बिमा कार्यक्रममा सहभागिताको प्रस्ताव पारितका लागि पेश गर्दछु ।

**१०) स्वास्थ्य कार्ड मार्फत छुट सुविधा:**

संस्थामा नियमित कारोबार गर्ने सदस्यहरूलाई मनमोहन अस्पताल, पाथिभरा डेन्टल, एन आर एलमा ल्याब सेवा, चिमरिया क्लिनिक कालिस्थान, शनिश्चरे डाईग्नोष्टिक सेण्टर लगायतसँग समन्वय गरि १० देखि ३० प्रतिशत सम्म छुटको व्यवस्था गरेका छौँ, जसका लागि संस्थाबाट निःशुल्क स्वास्थ्य कार्ड लिनका लागि पनि अनुरोध गर्दछु ।

**११) जन्म देखि मृत्युपर्यन्त आबद्धको साथ:**

विगत बर्षदेखि सुरू भएकोजन्म देखि मृत्युपर्यन्त आबद्धको साथ कार्यक्रम सञ्चालनअन्तर्गत तपशिल बमोजिम रहेको कार्यक्रमलाई परिमार्जन सहित निरन्तरताका लागि यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

क) जन्ममाः सदस्य सुत्केरी हुँदा रू. ५०००।- सुत्केरी भत्ता साथै अन्य सदस्यको बच्चाको नाममा मासिक न्यूनतम रू. ५००/- बराबरको नानीबाबु बचतको सुरूवात संस्था बाटगरि बचत प्रोत्साहनलाई प्राथमिकता दिने छ ।

ख) बाल अवस्थामाः बालबालिकालाई सानै देखि बचत गर्ने बानीको बिकास गर्नका लागि संथाले खुत्रुके, जन्मदिनमा केक उपहार सहित उत्कृष्ठ व्याजदरका साथ नानीबाबु बचत खाता सञ्चालनमा ल्याएको छ ।

ग) युवा अवस्थामाः युवा स्वरोजगार तथा सिपमुलक कार्यक्रम मार्फत युवा उद्यमलाई प्रोत्साहन

गरिने छ ।

घ) बृद्ध अवस्थामाः बृद्धभत्ता,एकलभत्ता कार्यक्रम तथा आबद्ध पेन्सन बचत योजना मार्फत निरन्तर सदस्यलाई सामाजिक सुरक्षाको प्रत्याभुति दिलाउन संस्था कटिबद्ध रहने छ ।

ङ) मृत्युमा : एकाघरका सदस्यको निधन हुँदा शव वाहान सहयोग साथमा राहतकोष मार्फत क्रिया खर्च तथा समवेदना र श्रद्धाञ्जली कार्यक्रम संस्था सदस्यसँग नजिक रहने छ ।

च) मृत्यु पश्चात्ः सम्बन्धित बचत निरन्तर गर्ने सदस्यका परिवारलाई आजिवन पेन्सन वितरण गरिने छ ।

**ख) अन्य कार्य तथा योजनाहरू** :

- सदस्यहरू वा सदस्यहरूको एकाघर परिवारका सदस्यको मृत्यु हुँदा राहतकोष कार्यविधि २०७८ (पुनःलेखन) अनुसार रू. ५००० देखि १,१०,००० सम्म राहत रकम उपलब्ध गराईने छ ।
- सदस्य लक्षित सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम कम्तीमा ६ वटा सञ्चालन गरी सदस्यहरूलाई संस्थाका सेवा सुविधा तथा सहकारी सम्बन्धि शिक्षा प्रदान गरिनेछ ।
- कम्तीमा २ वटा लागु औषध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- त्रैमासिक रूपमा समिक्षा कार्यक्रम गरि कर्मचारीलाई नयाँ लक्ष प्रदान गर्ने तथा पुनतार्जगी गरिनेछ
- आगलागी तथा दैविक प्रकोपमा परेका सदस्य तथा विपन्न परिवारलाई बढिमा दश हजारसम्म लागि आर्थिक सहयोग गरिनेछ ।
- सदस्यहरूलाई उन्नतजातका सागसब्जिको विउविजन वितरण गरिने छ ।
- वार्षिक रूपमा गर्दै आएका चाडबाड बिशेष कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कर्मचारीलाई ३ वटा तथा सञ्चालक समिति लाई २ वटा नेतृत्व विकास र रणनैतिक योजना तर्जुमा तालिम गरिने छ ।
- संस्था सञ्चालनको क्रममा आईपर्ने कानूनी समस्याहरू समाधानका लागि संस्थामा कानूनी विज्ञ राखिनेछ ।

सम्मानित सदस्य महानुभावहरू :

अब हामी यस आर्थिक वर्षसम्ममा संस्थाले गरेको प्रगति विवरण र आगामी लक्ष्य निम्न अनुसार राखेका छौं ।

## २०७८/०७९ को प्रगति विवरण र आगामि आर्थिक वर्ष २०७९/०८० का लागि लक्ष्य

| विवरण | यथार्थ २०७९।०३।३२ | प्रस्तावित २०८०।०३।३२ |
|---|---|---|
| **पुजी तथा दायित्व** | | |
| शेयर पुजी | २५,४७०,४००।०० | ३१,०६५,०००।०० |
| कोष हिसाब | ३३,०७१,२७०।०७ | ३५,६६५,०००।०० |
| निक्षेप | १०४,९८९,८१५।०१ | १२५,०००,०००।०० |
| बाहिरी ऋण | ६१,८३३,१५६।४३ | ४८,२१५,०००।०० |
| चालु दायित्व हिसाब | १५,५७५,५४४।८३ | ९,५००,०००।०० |
| अन्य दायित्वहरू | ५१८,३९६।३८ | ६९५,०००।०० |
| अवितरित मुनाफा | | १२,०००,००० |
| **कुल पुँजी तथा दायित्व** | **२४१,४५८,५८२।७२** | **२६२,१४०,०००।००** |
| **सम्पति** | | |
| नगद हिसाब | ४४९,१०७।५० | ४६५,०००।०० |
| बैंक हिसाब | २०,३४४,६०९।०१ | २६,५००,०००।०० |
| लगानी | ४२४,७००।०० | ५००,०००।०० |
| ऋण र कर्जा | २०६,८७१,३५९।०७ | २२२,०००,०००।०० |
| पाउनुपर्ने हिसाब र अग्रिम भुक्तानी | १०,८८७,६८७।८८ | ९,५७५,०००।०० |
| स्थिर सम्पति | १,६५७,७५८।२२ | २,०७५,०००।०० |
| अन्य सम्पति | ८२३,३६१।०४ | १,०२५,०००।०० |
| **कुल सम्पति** | **२४१,४५८,५८२।७२** | **२६२,१४०,०००।००** |

उपस्थित महानुभावहरू,

अब हामी आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तावित वार्षिक आर्थिक क्रियाकलापबाट निम्नानुसारको आम्दानी खर्च हुने अनुमानलाई यहाँहरू समक्ष अनुमोदनका निम्ति पेश गर्न चाहन्छौं ।

## "बजेट"

## आ.व. २०७८/०७९ को वार्षिक आय-व्ययको अनुमान

| विवरण | यथार्थ २०७९।०३।३२ | प्रस्तावित २०८०।०३।३२ |
|---|---|---|
| **खर्च** | | |
| कर्मचारी तलब भत्ता, संचयकोष,उपदान | ३४५९५५३ | ४५८६००० |
| **व्याज खर्च** | **१४११२५२७** | **१८२०००००** |
| बचतमा व्याज | ७३४७८४० | ९८६५००० |
| बाह्य कर्जामा व्याज तथा सेवा शुल्क | ६७६४६८६ | ८३३५००० |
| **कार्यालय सञ्चालन खर्च** | **१४९३३९५** | **२४६५५६०** |
| सञ्चालक बैठक भत्ता | ७८५०० | २५५००० |
| कार्यालय भाडा खर्च | ३०४२९९ | ३८२००० |
| स्टेशनरि तथा मसलनन्द खर्च | २०९६५० | ३५६००० |
| मर्मत तथा सम्भार खर्च | २१८६० | ३६५८० |
| मूल्यह्रास खर्च | ४३७५५४ | ५८६००० |
| ईन्धन तथा यातायात खर्च | १३००० | ६६००० |
| विद्युत खर्च | ८००१३ | १४५००० |
| नास्ता, पानी तथा सरसफाई खर्च | १४२६० | ३६९८० |
| टेलिफोन तथा सञ्चार खर्च | १२०८१० | १९५००० |
| अतिथि सत्कार खर्च | ४२३४५ | ८२००० |
| सदस्यता राहत खर्च | ६०४६९ | १८०००० |
| बैंक शुल्क खर्च | ११०६३४ | १४५००० |
| **कार्यालय खुद्रा समान खरिद खर्च** | **९१०** | **५०००** |
| **ढुवानी खर्च** | **६७६०** | **८०००** |
| **व्यवसाय प्रवर्धन खर्च** | **८९५५** | **४५०००** |
| **साधारण सभा खर्च** | **२०१५१०** | **२८५०००** |
| **सहकारी शिक्षा तथा तालिम खर्च** | **२१२५५** | **५८५०००** |
| **सामाजिक/सामुदायिक कियाकलाप खर्च** | **१५३०५** | **१९२०००** |
| चाडपर्व खर्च | १५३०५ | ९२००० |
| सामाजिक कियाकलाप खर्च | | १००००० |
| **प्रवर्धन/बिज्ञापन खर्च** | २६५०० | १५३००० |
| **खराब कर्जा व्यवस्था खर्च** | ३१७६००१ | २५००००० |
| **कर्जा निरिक्षण खर्च** | २३५३ | ५०००० |
| **अन्य खर्च** | २१९८३५ | २००००० |
| **जम्मा खर्च** | २२८२३३५९ | २९५२९५६० |

| विवरण | यथार्थ २०७९।०३।३२ | प्रस्तावित २०८०।०३।३२ |
|---|---|---|
| **आम्दानी** | | |
| व्याज तथा हर्जना प्राप्त | २९१४००३० | ३६५००००० |
| **क) व्याज आम्दानी** | **२९१४००३०** | **३६५०००००** |
| अन्य आम्दानी | ५६४३११ | ७९०००० |
| बैंक ब्याज आम्दानी | ३८९२४४ | ४५०००० |
| लगानीबाट प्राप्त बोनस | ६३८५९ | ८३००० |
| प्रबेश शुल्क | ११२५०० | १३५००० |
| कर्जा व्यवस्थापन शुल्क | २८४२८४४ | ३९२५००० |
| **ख) अन्य सञ्चालन आम्दानी** | ३९७२७५७ | ५३८३००० |
| **जम्मा आम्दानी (क+ख)** | **३३११२७८७** | ४१८८३००० |
| **कर अघिको सञ्चालन मुनाफा** | १०२८९४२८ | १२३५३४४० |

सहकारी तर्फ आगामी वर्ष पनि लक्ष्य अनुसार सफल बन्नको लागि यहाँहरूको थप सहयोग र एकताको अपेक्षा गर्दै यस विषयमा हुने छलफलका लागि पुनः उपस्थित हुने बाचा गर्दै यो प्रतिवेदन यही अन्त्य गर्दछु । धन्यवाद ।

"जय सहकारी"

प्रदेश सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय**
प्रदेश नं.१, सुनसरी
लेखापरीक्षण तथा अनुगमन फाँट

पत्र संख्या : २०७८/०७९
चलानी नं. : २०४

मिति :-२०७९।०२।३१

**बिषयः- निर्देशन कार्यान्वयन गर्ने बारे ।**

श्री आवद्ध बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड ५, झापा ।

यस कार्यालयबाट भएको नियमित अनुगमनका क्रममा पेश भएको अनुगमन प्रतिवेदन पान २ यसै साथ संलग्न छ । संलग्न प्रतिवेदनमा उल्लेखित कैफियत सम्बन्धमा संस्थाको प्रतिकृया सहित कार्यान्वयनको कार्ययोजना पत्र प्रप्त भएको मितिले ७ दिन भित्र संचालक समितिबाट पारित गराई पेश गर्न हुन तथा निर्देशन कार्यान्वयन अवस्थाको प्रगति मासिक रुपमा यस कार्यालयमा पठाउन हुन निर्देशन गरिएको छ ।

(हरिबहादुर खत्री)
निमित्त रजिष्ट्रार
नि. रजिष्ट्रार

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन: ०२५-५६६७४० ईमेल Email: sahakariregistrar.p1@gmail.com

मिति २०७९ साल जेष्ठ २२ गतेका दिन प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालयबाट खटिएका निरिक्षण टोलीका सदस्यहरु श्री रमेश ढकाल, श्री मोहन राज भट्टराई, श्री गोपाल ढकाल र श्री कमल राउतबाट आवद्ध बचत तथा ऋणसहकारी संस्था लि.विर्तामाड-५ झापाको अनुगमनको क्रममा देखिएका कैफियतहरुलाई सुधारसहितको कार्ययोजना सात दिनभित्र संचालकबाट निर्णय गराई पेश गर्नू हुनजानकारी गराईन्छ

**कैफियतहरु**

- एक जना शेयर सदस्यलाई कुलपुँजीकोषको १० प्रतिशतभन्दा बढि ऋण लगानी गरेको,
- copomis मा आबद्ध भएपनि संचालनमा नरहेको,
- ऋणको बर्गिकरण नभएको,
- सञ्चालक समितिको बैठक नियमित भएको तर बहुमतवाट प्रमाणीत नभएको,
- कर्मचारीहरुको सामाजिक सुरक्षाकोषमा आवद्ध नगरिएको,
- कार्यक्षेत्र वाहिरको नागरिक्ता भएको सदस्यको वासोवास रहेकोले ऋण लगानी गर्दा प्रमाणित कागजात विना लागानि भएको,
- बचत तथा ऋणको कारोवारमा PEARLS मापदण्डको पालना नभएको ।

माथि देखिएका कैफियतहरुलाई ७ दिनभित्र सुधार सहितको कार्ययोजना संचालक समितिको बैठकबाट निर्णय गराई cooperativesunsari@gmail.com मा पठाउन अनुरोध गरिन्छ

- ऋण उपसमितिमा संचालक मध्य १ जना संयोजक र अरु शेयर सदस्य राख्ने,
- एक जना शेयर सदस्यलाई कुलपुँजीकोषको १० प्रतिशतभन्दा बढि ऋण लगानी नगर्ने,
- नियमक निकायमा बार्षिक प्रतिवेदन नियमित पठाउने,
- copomis मा आबद्ध हुने,
- ऋण लगानी गर्दा ऋणको सुरक्षण धितो राखेर मात्र दिनुपर्ने,
- ऋणको बर्गिकरण गर्ने,
- ऋण अनुमोदन संचालक समितिबाट गराउने,
- ऋण उपसमितीको बैठक आवश्यकताअनुसार गर्ने,
- बचत तथा ऋणको कारोवारमा PEARLS मापदण्डको पालना गर्ने,
- कर्मचारीहरुको सामाजिक सुरक्षाकोषमा आवद्ध गर्नु पर्ने ।
- उपरोक्त निर्देशका अतिरिक्त प्रदेश सहकारी ऐन २०७६, नियामावली २०७६ र प्रदेशवाट जारी सहकारी संघ/संस्था संचालन अनुगमन तथा लेखा परिक्षण सम्बन्धी मापदण्ड २०७८ मा व्यवस्था भए बमोजिम संस्थाको अन्य विषय बस्तु कार्यान्वयन गर्ने ।

**प्रतिवेदक:**

श्री रमेश ढकाल, अधिकृत छैठौं

श्री मोहन राज भट्टराई, अधिकृत छैठौं

श्री गोपाल ढकाल, ना.सु.

श्री कमल राउत, सहायक चौथो

प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय

इनरुवा सुनसरी

दर्ता नं. ३/१/७(६४२)
पान नं.६००५००८३६
023-545395 aabadhacoop@gmail.com

NEFSCUN

# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

# AABADDHA SAVING & CREDIT CO-OPRATIVE LTD.

## १० औं वार्षिक साधारण सभा २०७९ साल पुष ११ गते सोमबार
## लेखा समितिको वार्षिक प्रतिवेदन

आदरणीय यस संस्थाको दशौं औं साधारणसभाका सभापति महोदय,

आमन्त्रित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू, समिति तथा उप-समितिका पदाधिकारी ज्यूहरू, सल्लाहकार महोदय, पत्रकार साथीहरू तथा सम्पूर्ण उपस्थित शेयर सदस्यज्यूहरू तथा कर्मचारी साथीहरू ।

सर्वप्रथम आबद्ध बचत तथा ऋण सहकारी संस्थाको दशौं वार्षिक साधारण सभाको शोभा बढाइ दिन पाल्नु भएकोमा सम्पूर्ण महानुभावहरू प्रति म यस संस्थाको लेखा समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिकताका साथ आभार व्यक्त गर्दै स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय महानुभावहरू,

सञ्चालक समितिको तर्फबाट संगठित तथा आर्थिक प्रतिवेदनबाट यहाँहरूले संस्थाको प्रगति बारे जानकारी प्राप्त गरी सक्नु भएकाले संस्थाको विनिमय बमोजिम साधारण सभा प्रति उत्तरदायी रहने लेखा समितिको तर्फबाट संस्थाको वार्षिक साधारण सभामा लेखा प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) संस्थाको हिसाब किताब दोहोरो लेखा प्रणाली अनुसार राखिएको पाइयो ।

२) संस्थाको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, नगद मौज्दात, बैंक मौज्दातको कारोबारलाई वेबबेसमा आधारित सफ्टवेयर फिनास्त्रमा कारोबार राखेको पाइयो । साथै कम्प्युटरबाट हुने विभिन्न जोखिमलाई मध्यनजर गरी दिनभरको कारोबारलाई कम्प्युटर,मा साथै अयिगम मा समेत द्यबअपगउ राखी अध्यावधिक ९ग्उमबतभक० गर्दै सुरक्षितका साथ राखिएको पाइयो ।

३) संस्थाको चार खाता लगायत अन्य सम्पूर्ण हरहिसाबहरू कम्प्युटराइज गरिएको पाइयो ।

४) संस्थाले दिनभरी कारोबार गरेको सम्पूर्ण भौचरहरू तयार पारी सहायक खाताहरूमा जाने रकम प्रविष्टि गरिएको र उक्त दिनको मौज्दात रहेको नगद मौज्दात रजिष्टरमा चेक लिष्ट तयार पारी व्यवस्थापकबाट प्रमाणित गराई बुझाउने र बुझिलिने गरेको पाइएको छ ।

संस्थामा रहेका बही खाता, श्रेस्ता, अभिलेख आदी भरपर्दो प्रभावका साथै समितिको निर्णय र लेखा समितिले बेला-बेला दिएको निर्देशनहरूको आधारमा तयार रहेको छ । संस्थाको पूर्ण लेखा प्रतिवेदन, शेयरधनी महानुभावहरूले पाउनु नै भएको छ । लेखा समितिको हैसियतले नियमन सम्बन्धी मापदण्ड २०६९ बमोजिम म वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## अनुसुची-२
## लेखा समितिको वार्षिक प्रतिवेदन
## आ.व. २०७८/०७९

**१) सहकारी संस्थाको नाम, ठेगानाः**

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

**२) आ.व. २०७८/०७९ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्थाः**

मिति २०७८ मसिंर ११ गते पश्चात बसेको बैठक संख्या : १६ पटक निर्णयहरू सर्वसम्मत भएको र निर्णयको कार्यान्वयन प्रभावकारी रहेको पाईयो ।

**३) ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः**

ऋण लगानी प्रक्रियागत तथा जमानी सुरक्षण वा धितो सम्बन्धी व्यवस्था पनि भएको पाईयो ।

**४) सहकारी विभागबाट जारी गरिएको मापदण्डहरुको पालना र सम्बन्धी संक्षिप्त विवरणः**

सहकारी ऐन २०७४ र सहकारी विनिमावली २०७५ अनुसार नै यस सहकारीबाट नियमहरू पालना भएको पाइयो ।

**५) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरुः**

यस आर्थिक वर्षमा प्रदेश सहकारी रजिष्ट्रर तथा सहकारी प्रशिक्षणको कार्यालय प्रदेश नं. १ बाट विभागको अनुगमन भएको र निर्देशन गरेका बुँदाहरूको कार्यन्वयन हुदैं गरेको तथा कार्यान्वयन गर्न पैतिबद्धता पत्र पठाएको पाईयो । साथै विर्तामोड नगरपालिका सहकारी शाखा, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, नेफ्स्कुन तथा नियामक निकायमा समय समयमा बुझाउनुपर्ने प्रतिवेदनहरू बुझाएको पाइयो ।

**६) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

६.१ पारिश्रमिक : लिएको पाइएन ।

६.२ भत्ता : बैठक भत्ता मासिक नियमित बैठकमा प्रति सञ्चालक सदस्य रू १००० का दरले बैठक भत्ता लिएको पाइयो । सेवाकेन्द्र सञ्चालक समिति पदाधिकारीले मासिक रू. ५०० का दरले बैठक भत्ता लिएको पाइयो । बैठक भत्ता तोकिएको समय भित्र उपस्थित हुने सञ्चालकले मात्र पाउने व्यवस्था रहेको पाईयो ।

६.३ अन्य सुविधाहरू : लिएको पाइएन ।

७) कर्मचारी प्रशासनसम्बन्धी व्यवस्थाहरू :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको ।
- भएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको ।
- ल्याईएको

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको/नभएको

- भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको

७.४ कार्यरत कर्मचारीहरू र कार्यबोझ बिच तादस्यता रहेको/नरहेष्को

- समन्वय रहेको

७.५ कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या

१) करार : ६ २) अस्थायी : २ ३) स्थायी : ७ जना

८) लेखा समितिले यस अधि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था : यस आ.व. मा धरे सुझावहरू कार्यान्वयन भएको र केहि सुझावहरू आशिंक कार्यान्वयन भएको पाइयो ।

९) संस्थाबाट हुने सम्पूर्ण खर्चहरूको बिल भरपाई अनुसार नै खर्च भएको र बिल भरपाइ सुरक्षित राखेको पाईयो ।

१०) संस्थाबाट हुने खर्चहरूमा रू २०००/- सम्म व्यवस्थापक बाट, २००० देखि माथि रू ३०,०००/-सम्म आर्थिक समिति बाट र सो भन्दा माथि सञ्चालक समितिको निर्णय भई डाक बढाबढ (कोटेशन) प्रक्रिया द्वारा आर्थिक समिति मार्फत पारदर्शी तरिकाले खर्च हुने गरेको पाईयो ।

लेखा समिति

संयोजक : सिर्जना खतिवडा

सदस्य : सहनलाल राजवंशी

सदस्य : गोपाल चौहान

**P.R.B. & Associates'**
**REGISTERED AUDITOR**
**Birtamod 5 Jhapa**

**ICAN COP No.: 0495**
**ICAN MEM. NO.: 4619**
**PAN No.: 300994230**
**Phone No- 9842625134**

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
सदस्य महानुभावहरु समक्ष प्रस्तुत

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संम्लग्न आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड विर्तामोड नगरपालिका–५,झापाको अषाढ ३२, २०७९ को मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तिय स्थितिको विवरण , नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, तथा इक्विटीमा भएको परिवर्तनको विविरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

नेपाल लेखामान सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यावस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण, आवश्यक आनतरिक नियन्त्रण प्रणली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी भएको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार ब्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभुत रुपमा गलत आंकाडा रहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याई गर्ने यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन सहितको ब्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखा परिक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी/याथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको अपयुक्तताबारे परिक्षण गरिएको छ,तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय ब्यक्त गर्ने उदेश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विविरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षणको कैफियत रहित राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो रायमा संलग्न टिप्पणीहरु पार्न सक्ने प्रभाव हरु बाहेक प्रस्तुत आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड को अषाढ ३२, २०७९ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान, प्रचलित पद्धति तथा सहकारी एन २०७४, नियमावली २०७५ र सहकारी विभागद्वारा जारी गरेका नियमन संबन्धि आर्थिक कारोबारको समुचित चित्रण गरेको हामीलाई लाग्दछ ।

मिति :-२०७९ /०७/१०
बिर्तामोड ५ झापा
**UDIN 220104RA04619JZkMR**

लेखापरीक्षक
पुरुषोत्तम बुढाथोकी
पि.आर.बि.एण्ड एशोसिएट्स

# आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**AABADDHA SAVINGS & CREDIT CO-OPERATIVE LIMITED**

विर्तामोड,-५, झापा

**आर्थिक वर्ष - २०७८/०७९**

***प्रमुख लेखा नीति र तत्सम्बन्धी टिप्पणीहरू अनुसूची - २२***

**क)सामान्य परिचयं**

आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड झापा जिल्ला विर्तामोड वार्ड न.५ मा अवस्थित रहेका छ । सहकारीको अभियन मार्फत ब्याक्ति तथा समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनस्तर उकास्ने तथा बैंदेशिक रोजगारमा गएका आफना शेयर सदस्यहरुका परिवारहरुले रकम आफनैं सहकारीको खातामा पठाउने सहजता, जसबाट शेयर सदस्य परिवारको आर्थिक अवस्था उकास्न सहज होस भन्ने मुल उदेश्य साथ कार्य गर्दै आएको देखिन्छ ।

दर्ता नं.३/१/७(६४२)०६९/७० आन्तरिक राजश्व कार्यालय, भद्रपुरमा स्थायी लेखा नम्बर (पान) ६००५००८३६ प्राप्त गरी नियमित बचत तथा ऋणको कारोबार गरिरहेको छ ।

**ख)प्रमुख लेखा नीतिहरु**

**१. लेखागत परिपाटी**

यस संस्था आर्थिक विवरणहरु नेपाल लेखामान सिद्धान्त, सहकारी ऐन, २०७४ सहकारी नियमावली, २०७५ तथा सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड), २०७६ तथा प्रचलित ऐन नियम कानुन अनुसार तयार पारिएका छन् ।

ब्याजदिनुपर्ने निक्षेप खाताहरूमाब्याजदिँदा र कर्जा सापटीमा ब्याजलिँदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।

**२. आम्दानी लेखांकन**

**ब्याज आम्दानी :**

ब्याज आम्दानीलाई नगद प्राप्तीको आधारमा लेखाङ्कन गरिएको छ ।

**सदस्य तथा अन्य स्रोतको आम्दानी :**

सदस्य तथा अन्य स्रोतको आम्दानीलाई नगद भुक्तानीको आधारमा लेखाङ्कन गरिएको छ ।

**३. खर्च लेखांकन**

खर्चलाई प्रोदभावी (Accrual)आधारमा लेखांकन गरिएको छ ।

**४. स्थिर सम्पत्ति तथा ह्रासकट्टी नीति**

स्थिर सम्पत्तिहरू ऐतिहासिकलागतअवधारणामा(Historical Cost Concept)देखाईएको छ । स्थिर सम्पत्तिहरूको ह्रासकट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method)को आधारमाआयकर ऐन र नियमावलीले निर्दिष्ट गरेको नियमको आधारमा गरिएको छ । यसै आर्थिक वर्षमा खरिद गरिएका स्थिर सम्पत्तिहरु रू१०,०००/- भन्दा बढी मूल्य भएको र २ बर्ष भन्दा बढी खप्ने सामानहरुलाई सम्पत्ति खरिद र सो सम्बन्धित अन्य खर्चहरु समेत समावेश गरी पूँजीकरण गरिएको छ । सम्पत्ति सामानको ह्रासकट्टी सहकारी विभागद्वारा प्रकाशित सहकारी लेखा दिग्दर्शनमा उल्लेख भए बमोजिम गरिएको छ ।

P.R.B. & ASSOCIATES
REG. AUDITORS

